सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ को उपदफा ३ अनुसारको प्रायोजनको लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयसंग सम्बन्धित २०७५ बैशाख, जेठ र असार सम्मका सूचनाहरु उक्त दफा ५ को उपदफा ३ बमोजिम प्रकाशित गरिएको छ ।

१) निकायको स्वरुप र प्रकृति

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने सुनिश्चित गरेको छ । राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तह गरि तिन तहले संविधान तथा कानुन बमोजिम गर्नुपर्ने हुन्छ ।प्रदेशस्तरमा स्थापित मन्त्रालयहरु मध्ये शान्ति सुरक्षा, विपद व्यवस्थापन, लागु औषध नियन्त्रण, प्रहरी प्रशासन, कारागार, कानून न्याय तथा प्रदेश सभा मामिला एवं सूचना तथा संचार संग सम्वद्ध कार्य गर्ने प्रदेशस्तरको निकाय आन्तरिक मामिला तथा कानून मन्त्रालय हो ।

२) निकायको काम, कर्तव्य र अधिकार

प्रदेश सरकार, कार्य विभाजन नियमावली २०७४ बमोजिम आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम, कर्तव्य र अधिकार देहाय अनुसार तोकिएको छ ।

- प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्य
- अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा
- संघीय र प्रदेश सुरक्षा निकायसंगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय
- संघीय कानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन
- प्रदेश भित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय
- कानून, न्याय तथा प्रदेश सभा मामिला सम्वन्धी
- प्रदेशसभामा पेश हुने बिधेयक तर्जुमा र प्रमाणीकरण सम्वन्धी
- अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग
- आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग
- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एकप्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्वन्धी
- सामुदायिक प्रहरी
- प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन
- प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन
- प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय
- गुनासो र विवाद व्यवस्थापन
- संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन
- फौजदारी कार्यविधि कानूनको कार्यान्वयन

- अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति
- निवारक नजरबन्द र स्थानहद सम्बन्धी
- अन्तरप्रदेश सम्बन्ध
- सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान
- स्थानीय प्रशासनको सन्चालन, व्यवस्थापन र समन्वय
- पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शाँकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन
- उपाधि,सम्मान तथा विभूषणको सिफारिस
- प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन
- प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापन सम्वन्धी
- सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्वन्धी
- प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण
- देशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन
- प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूवना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन
- प्रदेश भित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन
- प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन
- साइवर सुरक्षा अनुगमन
- छापासंचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, बर्गीकरण, सञ्चालन र नियमन
- प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण
- श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन
- प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी
- केबुल वितरणको इजाजत, नवीकरण र नियमन
- सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन
- चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शन अनुमति र नियमन


**३. संगठनात्मक संरचना**

अनुसूची-२.१

प्रदेश सरकार

.......प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालयको संगठन संरचना




नेपाल सरकार

सचिव

## ४.निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण

क) कर्मचारी संख्या

रा.प.प्रथम श्रेणी : १ जना

रा.प.द्वितिय श्रेणी : ३ जना (प्र. २, का. १)

रा.प.तृतिय श्रेणी : ९ जना (प्र. ६ , का. २, ले. १)

रा.प.अ. प्रथम श्रेणी : १३ जना (प्र.९ , वि ४)

रा.प.अ.द्वितिय श्रेणी : २ जना (प्र.१, ले.१ )
ह.स.चा : ४ जना
का.स : ६ जना
जम्मा : ३८ जना

ख) आन्तरिक मामिला तथा कानून मन्त्रालयको दरवन्दी तेरिज

| क.सं. | पद | सेवा | समूह | श्रेणीरतह | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ | |
| २ | उपसचिव | प्रशासन | सामान्यप्रशासन | रा.प.द्वितीय | २ | |
| ३ | उपसचिव | न्याय | कानून | रा.प.द्वितीय | १ | |
| ४ | शाखा अधिकृत | प्रशासन | सामान्यप्रशासन | रा.प.तृतीय | ६ | |
| ५ | लेखा अधिकृत | प्रशासन | लेखा | रा.प.तृतीय | १ | |
| ६ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृतीय | २ | |
| ७ | नायब सुब्बा | प्रशासन | सामान्य प्रशासन | रा.प.अनं.प्रथम | ९ | |
| ८ | क.अपरेटर | बिबिध | | रा.प.अनं.प्रथम | ४ | |
| ९ | सह लेखापाल | प्रशासन | लेखा | रा.प.अनं.द्वितीय | १ | |
| १० | खरिदार | प्रशासन | सामान्य प्रशासन | रा.प.अनं.द्वितीय | १ | |
| ११ | हलुका सवारी चालक | | | श्रेणीविहीन | ४ | |
| १२ | कार्यालय सहयोगी | | | श्रेणीविहीन | ६ | |
| | जम्मा | | | | ३८ | |

**आन्तरिक मामिला तथा कानून मन्त्रालयको सांगठनिक संरचना अनुसार देहाय बमोजिमका ३ वटा महाशाखा र ८ वटा शाखा रहेका छन :**

### क. प्रशासन, योजना तथा विपद व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत प्रशासन तथा योजना शाखा, विपद व्यवस्थापन शाखा, आर्थिक प्रशासन शाखा रहेका छन ।

### ख. सुरक्षा समन्वय महाशाखा

यस महाशाखा अन्तर्गत प्रहरी प्रशासन तथा कारागार व्यवस्थापन शाखा, शान्ति सुरक्षा शाखा, सूचना समन्वय तथा प्रसारण शाखा रहेका छन ।

### ग.कानून तर्जुमा महाशाखा

यस महाशाखा अन्तर्गत कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा तथा कानून सम्पादन तथा प्रसारण शाखा रहेका छन ।

**महाशाखाहरु**

**प्रशासन, योजना तथा विपद व्यवस्थापन महाशाखा**

**क) प्रशासन तथा योजना शाखा**

१) मन्त्रालय मातहतका निकायहरूमा निजामती कर्मचारीहरुको नियुक्ति, पदस्थापन, सरुवा, पुरस्कार बिभागीय सजाय, अवकाश सम्बन्धी ।

२) निजामती कर्मचारीहरूको कार्य सम्पादन मुल्याङ्कन सम्बन्धी

३) गुनासो व्यवस्थापन सम्बन्धी

४) नागरिक बडापत्र तथा सेवा प्रवाह प्रभावकारीता सम्बन्धी

५) मन्त्रालय र मातहतका सम्पूर्ण निजामती कर्मचारीहरुको अभिलेख व्यवस्थापन तथा अद्यावधिक गर्ने सम्बन्धी ।

६) मन्त्रालय र अन्तर्गतको नीति, योजना, बार्षिक कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्यांकन गर्ने कार्यमा सहयोग गर्ने ।

७) मन्त्रालय अन्तर्गत संचालित बार्षिक तथा आवधिक योजनाहरुको कार्यान्वयन, अनुगमन तथा प्रगति समिक्षा गर्ने

८) प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापन सम्वन्धी

९) सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्वन्धी

१०) मन्त्रालयका निजामती कर्मचारीहरुको तालिम, अध्ययन, भ्रमण, गोष्ठी, सेमिनारमा सहभागीताका सम्बन्धमा मनोनयनका लागि महाशाखा प्रमुख समक्ष पेश गर्ने ।

११) जनशक्ति विकास, श्रोत परिचालन तथा व्यवस्थापन र क्षमता अभिवृद्धी सम्वन्धी कार्यमा समन्वय गर्ने ।

१२) मन्त्रालयको अल्पकालिन तथा दिर्घकालिन नीति, योजना तर्जुमा सम्वन्धमा सहयोग गर्ने।

१३) नियमित रुपमा बार्षिक तथा आवधिक योजना तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा सहयोग गर्ने

१४) पारिवारिकमामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति कानुन र मापदण्ड कार्यान्वयन र नियमन गर्ने सम्बन्धमा सहयोग गर्ने

१५) कार्यक्रम संशोधन तथा रकमान्तर सम्बन्धी कार्य

१६) जिन्सी व्यवस्थापन, छपाइ व्यवस्था मिलाउने, श्रेस्ता राख्ने, भौतिक परीक्षण गराउने, कार्यालय र परिसर सरसफाई, कार्यालय सामान मर्मत सम्भार गर्ने गराउने

१७) कार्यालयको भौतिक सम्पतिको अभिलेख व्यवस्थापन अद्यावधिक गर्ने सम्बन्धी

१८) तोकिएका अन्य कार्यहरु गर्ने ।

**ख) विपद व्यवस्थापन शाखा**

१) विपद व्यवस्थापन सम्बन्धमा सरकारी तथा गैह्र सरकारी संघ सस्था बीच गर्ने,

२) विपद व्यवस्थापन सम्वन्धमा तालिम, गोष्ठी र सेमिनार गर्ने,

३) विपद पिडित व्यक्ति लाई राहत उद्धार तथा पुन स्थापना सम्बन्धी कार्य

४) प्रदेशस्तरको विपद पूर्व तयारी

५) आपतकालीन कार्य सञ्चालन प्रणाली

६) विपद् जोखिम न्यूनीकरण सम्वन्धी अध्ययन अनुसन्धान

७) प्रदेश स्तरमा प्रमुख प्रकोपहरूको नक्सांकन र विपद् जोखिम न्यूनीकरण

८) मानबिय सहायताको लागि प्रदेशतहमा समन्वयको केन्द्रबिन्दुको रुपमा कार्य गर्ने

९) विपद न्यूनीकरण तथा अल्पीकरणका केन्द्रीय तथा स्थानीय तहमा पूर्वतयारीका कार्यक्रम निर्माण गर्न सहयोग पुर्याउने

१०) विपद सम्बन्धी तथ्यांक एवं सुचनाहरु सम्बन्धित सरकारी निकाय, प्रतिकार्यका साझेदारहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाहरु संग समन्वय र सम्प्रेषण गर्ने

११) प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

१२) प्रादेशिक विपद कोष स्थापना र संचालन

१३) विपद् व्यस्थापन सम्वन्धी संघ संस्थासँगको सम्पर्क, समन्वय र सहकार्य

१४) विपद्सम्बन्धी प्रादेशिक तथ्यांकको व्यवस्थापन

१५) प्रदेश तथा स्थानीय तहलाई विपद् पूर्व तयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण, पुनस्थापन र पुनर्निर्माणमा सहयोग र समन्वय

१६) विपद व्यवस्थापन सम्बन्धी नीति तर्जुमा तथा मुल्यांकन, अनुगमन तथा कार्यान्वयन

१७) जोखिम तथा संकटासन्नताको लेखांकन तथा नक्साकन गर्ने

१८) तोकिएका अन्य कार्यहरु गर्ने ।

**ग) आर्थिक प्रशासन शाखा**

१) विनियोजित रकम खर्च भएकोमा आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने

२) आर्थिक विवरण तयार गरि स्वीकृति पश्चात सम्वन्धित निकायमा पठाउने

३) बेरुजू फर्छयौट सम्वन्धमा आवश्यक प्रमाण जुटाई फर्छयौट गराउने

४) मन्त्रालयमा आर्थिक अनुशासन कायम हुने आवश्यक व्यवस्था मिलाउने

५) आर्थिक प्रशासन सम्वन्धी तोकिएका अन्य कार्य गर्ने ।

**सुरक्षा समन्वय महाशाखा**

**क) शान्ति सुरक्षा शाखा**

१) प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्य

२) अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा सम्बन्धी कार्यमा सहयोग

३) संघीय र प्रदेश सुरक्षा निकायसंगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय गर्ने

४) प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय

५) गुनासो र विवाद व्यवस्थापन

६) संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन

७) फौजदारी कार्यविधि कानूनको कार्यान्वयन

८) अपराध तथा यातना पीडितको पुनस्थापना र क्षतिपूर्ति

९) निवारक नजरबन्द र स्थानहद सम्बन्धी

१०) अन्तर प्रदेश सम्बन्ध

११) साइवर सुरक्षा अनुगमन

१२) अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग

१३) आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग

१४) तोकिएका अन्य कार्यहरु गर्ने ।

**ख) प्रहरी प्रशासन तथा कारागार व्यवस्थापन शाखा**

१) संघीय र प्रदेश सुरक्षा निकाय संगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय

२) संघीय कानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन सम्बन्धी कार्यहरु गर्ने

३) प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी कार्यमा आवश्यक समन्वय गर्ने ।

४) सामुदायिक प्रहरी सम्बन्धी

५) प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग समन्वय गर्ने

६) तोकिएका अन्य कार्यहरु गर्ने ।

**ग) सूचना समन्वय तथा प्रसारण शाखा**

१) चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शन अनुमति र नियमन सम्बन्धी

२) प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन सम्बन्धी

३) श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन सम्बन्धी

४) प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी सम्बन्धी

५) केबुल वितरणको इजाजत, नवीकरण र नियमन सम्बन्धी

६) प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूवना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन सम्बन्धी

७) प्रदेशभित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन सम्बन्धी

८) प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन

९) छापासंचारमाध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, बर्गीकरण, सञ्चालन र नियमन सम्बन्धी

१०) प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण सम्बन्धी

११) प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय सम्बन्धी

१२) सूचनाकोहक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन सम्बन्धी

१३) प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण

१४) तोकिएका अन्य कार्यहरु गर्ने ।

**कानून तर्जुमा तथा फैसला कार्यान्वयन महाशाखा**

**क) कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा**

१) कानून, न्याय तथा प्रदेश सभा मामिला सम्वन्धी

२) प्रदेशसभामा पेश हुने बिधेयक तर्जुमा सम्वन्धी

३) मन्त्रालयसँग सम्बन्धित ऐन नियम, निर्देशिका तथा कार्यविधिहरूको मस्यौदा तयार गर्ने सम्बन्धी

४) मन्त्रालय र मातहतका कर्मचारीहरूको कानूनी प्रतिरक्षा सम्बन्धी कार्य

५) मन्त्रालय उपर परेका रिट निवेदनहरूको जवाफ तयार गर्ने सम्बन्धी कार्य

६) मन्त्रालय तथा मातहतका निकायहरूबाट प्रयोग हुने ऐन नियमलाई समय समयमा पुनरावलोकन गर्ने सम्बन्धी

७) तोकिएका अन्य कार्यहरु गर्ने ।

८) प्रदेशभित्र न्यायिक र अर्धन्यायिक निकायले गरेका फैसला कार्यान्वयन सिफारिस सम्बन्धी

९) तोकिएका अन्य कार्यहरु गर्ने ।

**ख) कानून सम्पादन तथा प्रकाशन शाखा**

१) राजपत्रमा प्रकाशनको निमित्त भाषा सम्पादनको कार्य गर्ने ।

२) मन्त्रालयबाट छपाई गर्नुपर्ने सूचना, कानूनहरु प्रकाशनको लागि तयार गर्ने

३) प्रकाशित गर्नुपर्ने ऐन, नियम सूचनाहरूको मस्यौदा तर्जुमा गर्ने तथा राजपत्रमा प्रकाशित गर्ने गराउने

४) तोकिएका अन्य कार्यहरु गर्ने ।

## ५. निर्णय गर्ने प्रकिया र निर्णय गर्ने अधिकारी

- आवश्यकता अनुसार टिप्पणी उठान गरि निर्णय गर्ने गरेको ।
- मन्त्रालयको **सचिवबाट** निर्णय हुने गरेको ।

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- मन्त्रालयको सचिवबाट

## ७.मन्त्रालयवाट सम्पादन गरेको कामको विवरण

**क) राजपत्रमा प्रकाशित ऐन, नियम, कार्यविधि, निर्देशिका र सूचनाहरु**

- प्रदेशस्तरका केहि सार्वजनिक लिखत प्रमाणिकरण ऐन, २०७४
- प्रदेश आर्थिक कार्यविधि ऐन २०७४
- स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७४
- मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्वन्धी ऐन २०७४
- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्वन्धी ऐन २०७४
- प्रदेश विनियोजन ऐन २०७५ (आ.व.०७५।०७६)
- स्थानियतहको सभा संचालन कार्यविधि ऐन २०७५
- प्रदेश आर्थिक कार्यविधि पहिलो संसोधन ऐन २०७५
- कर तथा गैहृकर राजश्व सम्वन्धी ऐन २०७५
- प्रदेश वित्त व्यवस्थापन ऐन २०७५

- आर्थिक ऐन, २०७५
- विनियोजन ऐन, २०७५ (आ.व.०७५।०७६)
- प्रदेश आकस्मिक कोष ऐन, २०७५
- स्थानिय तहको कानून निर्माण प्रकृया सम्बन्धि ऐन, २०७५
- खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५
- प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४
- प्रदेशस्तरका केहि सार्वजनिक लिखत प्रमाणिकरण नियम, २०७४
- प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४
- प्रदेश संचित कोष सञ्चालन कार्यविधि
- मुख्यमन्त्रि तथा मन्त्रिहरुको नियुक्ति
- मन्त्रिपरिषदका सदस्यहरुको हेरफेर
- आर्थिक वर्ष २०७५।०७६ को वजेट अधिवेसन आव्हान सम्बन्धी सूचना
- प्रदेश नं.४ को राजधानी पोखरा तोकेको सूचना
- प्रदेश नं.४ को नामांकरण "गण्डकी प्रदेश" गर्ने सम्बन्धि सूचना
- सूचना (आर्थिक विधयेक अनुसूचि ३/मनोरञ्जन कर दर घटाएको )

ख. मन्त्रालयको web site निर्माण भएको (www.moial.p4.gov.np)

ग). सूचना अधिकारी र प्रवक्ता तोकिएको ।

घ) प्रदेश संचार नीति २०७५ को मस्यौदा तयार भएको ।

ङ) प्रादेशिक सुरक्षा समन्वय समितिको वैठक नियमित रुपमा बसेको ।

च) आ.ब. २०७५।०७६ को नीति तथा कार्यकम स्वीकृत भैसकेको ।

छ) आ.ब. २०७५।०७६ को बजेट कार्यकम कार्यान्वयनमा कार्ययोजना तयार भएको ।

ज) कार्यालय व्यवस्थापनको कार्य पुरा भएको ।

झ) मन्त्रालयका नियमित कार्यहरु सम्पादन भैरहेको ।

ञ) आ.व. २०७४/०७५ MTEF तयार गरिएको ।

ट) विपद् सम्बन्धी खोज, उद्दार तथा राहत मापदण्ड, २०७५ तयार भएको ।

ठ. प्रादेशिक विपद व्यवस्थापन कोष खडा गरिएको ।

ड) मा. मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन समिति गठन भएको ।

ढ) मा. मन्त्रीको संयोजकत्वमा कार्यकारी समिति गठन भएको ।

१७. विपद पूर्व सूचना प्रणालीको बैठक बसेको ।

**८. सूचना अधिकारी र प्रमुखको नाम र पद**

सूचना अधिकारी, अजिता शर्मा (उप सचिव ) र प्रमुख, फणिन्द्र मणि पोखरेल (सचिव

**९.ऐन, नियम विनियम वा निर्देशिकाको सूची**

- प्रदेशस्तरका केहि सार्वजनिक लिखत प्रमाणिकरण ऐन २०७४
- स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७४
- मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्वन्धी ऐन २०७४
- प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्वन्धी ऐन २०७४
- स्थानिय सभा संचालन सम्वन्धी कार्यविधि ऐन २०७४
- प्रदेशस्तरका केहि सार्वजनिक लिखत प्रमाणिकरण नियमावली २०७४
- विपद् सम्बन्धी खोज, उद्दार तथा राहत मापदण्ड, २०७५

**१०. आम्दानी, खर्च र आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण**

| क.स. | शिर्षक | विनियोजन रकम | खर्च भएको रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | चालु | ३३८४५०००।- | २०३३९५२८।९० | १३५०५४७१।१० | |
| २. | पुँजीगत | १२७०००००।- | ९२७१६२५।- | ३४२८३७५।- | |
| | जम्मा | ४६५४५०००।- | २९६११५३।९० | १६९३३८४६।१० | |